प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर
नेपाल

# फोहोरमैला व्यवस्थापन रणनीतिक साझेदारी कार्यविधि, २०८०

प्रमुख सचिव

भौतिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर

कुमार साह

प्रमुख सचिव

भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश सरकार कोशी प्रदेश, विराटनगर

**प्रस्तावनाः** दुई वा दुई भन्दा बढी स्थानीय तहको सहकार्य र प्रदेश सरकारको प्राविधिक सहयोग तथा समन्वयमा फोहोर प्रशोधन तथा व्यवस्थापन गर्न प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले यो फोहोरमैला व्यवस्थापन रणनीतिक साझेदारी कार्यविधि बनाएको छ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "फोहोरमैला व्यवस्थापन रणनीतिक साझेदारी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "प्रदेश सरकार" भन्नाले कोशी प्रदेशको मन्त्रिपरिषद्लाई सम्झनुपर्छ।

(ख) "प्रशोधन" भन्नाले फोहोरमैलाको स्वरूप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, विभिन्न प्रकारका फोहोरलाई वर्गीकरण, सफाइ, प्याकेजिङ आदि गरी कच्चा पदार्थ वा इन्धनका रूपमा उपयोग गर्ने, मल, ग्यास र ऊर्जा उत्पादन गरी फोहोरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्छ।

(ग) "फोहोर व्यवस्थापन" भन्नाले फोहोरको प्रकृतिअनुसार स्रोतमा नै फोहोर वर्गीकरण (कुहिने, नकुहिने तथा हानिकारक फोहोर)गरी छुट्टाछुट्टै भाडामा सङ्कलन तथा ढुवानी गर्ने र आवश्यक प्रशोधन गर्ने कार्य सम्झनुपर्छ।

(घ) "फोहोर व्यवस्थापन स्थल" भन्नाले विभिन्न फोहोरको अस्थायी सङ्कलन तथा वर्गीकरण स्थल, फोहोर स्थानान्तरण स्थल, फोहोर प्रशोधन स्थल र सुरक्षित विसर्जन गर्नका लागि स्थानीय तहले तोकेको निर्धारित स्थान सम्झनु पर्छ।

(ङ) "फोहोरमैला" भन्नाले घरेलु फोहोर, संघ संस्थाबाट निस्किएको फोहोर, व्यापारीक क्रियाकलापबाट सर्जित फोहोर, औद्योगिक क्षेत्रको फोहोर, स्वास्थ्य संस्थाहरूबाट निष्काशन हुने फोहोर, सडक तथा सार्वजनिक स्थलबाट निस्कने फोहोर सम्झनुपर्छ र सो शब्दले प्रयोगमा नआउने तथा फालिएका सामान, सडेगलेका वस्तु, वातावरणमा ह्रास आउने फोहोरजन्य अन्य बस्तुसमेतलाई जनाउँदछ।

(च) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेशलाई सम्झनुपर्छ।

(छ) "रणनीतिक साझेदारी" भन्नाले प्रदेश सरकार र दुई वा दुई भन्दा बढी स्थानीय तहबीच फोहोर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार विकास र सञ्चालनका लागि गरिने प्राविधिक सहयोग र समन्वय सम्झनुपर्छ।

३. **फोहोर व्यवस्थापनमा प्राविधिक सहयोग तथा समन्वयः** (१) फोहोर व्यवस्थापन रणनीतिक साझेदारी कार्यक्रममा संलग्न हुन कम्तीमा दुई वा सो भन्दा बढी स्थानीय तहले फोहोर प्रशोधन तथा व्यवस्थापनका लागि जग्गा प्राप्ती गरी नवीनतम प्रविधि र पूर्वाधारको सम्भाव्यता अध्ययन गर्न वा सम्भाव्यता अध्ययन भइसकेकोमा आवश्यक पूर्वाधार तथा

अशोक कुमार साह

प्रमुख सचिव

प्रविधिको निर्माण र सञ्चालन गर्न आफुबीच सहमति गरी लागत अनुमान सहित अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोर प्रशोधन तथा व्यवस्थापन गर्न निर्माण गरिने पूर्वाधारको प्रकृतिका आधारमा एक वा एक भन्दा बढी स्थानमा जग्गा प्राप्ती गर्न सकिनेछ। यसरी प्राप्ती गर्ने जग्गा अनुसूची-२ मा उल्लिखित मापदण्ड बमोजिम हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव पेश भएमा मन्त्रालयले प्राविधिक सहयोग र समन्वय उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा (१) बमोजिम सम्भाव्यता अध्ययन गर्दा वा फोहर व्यवस्थापनको पूर्वाधार र प्रविधि छनौट गर्दा स्थानीय आवश्यकता, प्रचलित कानुनी व्यवस्था, फोहर व्यवस्थापनको आधारभूत सिद्धान्त, यस विषयसँग गरेको अन्तर्राष्ट्रिय सन्धि सम्झौता, सम्बन्धित स्थानीय तहको जनघनत्व, भौगोलिक अवस्था, एकापसको दूरी, फोहरको परिमाण र प्रकारका आधारमा अवलम्बन गर्नुपर्नेछ।

(५) फोहोर प्रशोधन तथा व्यवस्थापन गर्ने पूर्वाधार निर्माण गर्न मन्त्रालयले प्राविधिक सहयोग र समन्वयको लागि लागत अनुमानको बढीमा पचास प्रतिशतसम्म वा पाँच करोडसम्ममा जुन घटी हुन्छ सोही बराबर वित्तीय सहयोग गर्न सक्नेछ। मन्त्रालयको प्राविधिक सहयोग र समन्वयमा निर्माण हुने पूर्वाधार अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ।

(६) स्थानीय तहमा फोहोर व्यवस्थापनका पूर्वाधार र प्रविधि निर्माण तथा सञ्चालन गर्न नेपाल सरकार वा विकास साझेदारहरूको प्राविधिक तथा वित्तीय सहयोग रहेको अवस्थामा स्थानीय तहले प्रदेश सरकारलाई अनुरोध गरेमा मन्त्रालयले सम्भाव्यता अध्ययन तथा निर्माणका चरणमा प्राविधिक सहयोग समन्वय उपलब्ध गराउन सक्नेछ।

(७) प्रदेश सरकारको तर्फबाट गरिने लागत साझेदारीको हिस्सा फोहोर व्यवस्थापन केन्द्र रहने स्थानीय तहलाई मन्त्रालयलाई प्राप्त बजेट सीमाभित्रबाट रही सशर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरण गरिनेछ।

(८) उपदफा (७) बमोजिम वित्तीय हस्तान्तरण गरेको रकम चालु आर्थिक वर्षमा खर्च नभएमा प्रदेश सरकारलाई फिर्ता गर्नु पर्नेछ। फिर्ता भए बराबरको रकम पुनः वित्तीय हस्तान्तरण गर्न सकिने छैन।

४. <u>फोहोर प्रशोधन तथा व्यवस्थापन केन्द्र सञ्चालन सम्बन्धी व्यवस्थाः</u> (१) दफा ३ बमोजिम फोहोर प्रशोधन तथा व्यवस्थापन केन्द्र निर्माण भइसकेपछी फोहोर सङ्कलन, ढुवानी, प्रशोधन गर्ने तथा फोहोर प्रशोधन व्यवस्थापन केन्द्र सञ्चालनका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणको व्यवस्था संलग्न स्थानीय तहले गर्नु पर्नेछ।

(२) फोहोर प्रशोधन तथा व्यवस्थापन केन्द्रको वरिपरीको वातावरण र मानव स्वास्थ्यमा असर हुन नदिन स्थानीय तहले फोहोर ब्यवस्थापन रणनीति तथा कार्ययोजना

बनाई लागु गर्नुपर्नेछ र हाल गर्दै आएको खुला स्थानमा फोहोर फाल्ने, र फोहोर बाल्ने कार्य बन्द गर्नुपर्नेछ।

(३) फोहोर प्रशोधन तथा व्यवस्थापन केन्द्र सञ्चालन गर्न आवश्यक पर्ने जनशक्ति पालिकाको स्वीकृत दरबन्दी भित्रबाट संलग्न स्थानीय तहले आपसी समन्वयमा व्यवस्थापन गर्नु पर्नेछ।

(४) फोहोर व्यवस्थापनका लागि प्रयोग भएका सवारी साधन र अन्य उपकरण विपद्को समयमा बाहेक अन्य कार्यमा प्रयोग गर्न पाइने छैन।

५. <u>फोहोर व्यवस्थापन केन्द्र सञ्चालन सहजीकरण समितिः</u> (१) फोहोर व्यवस्थापनसँग सम्बन्धित पूर्वाधारको व्यवस्थापन, सहजीकरण तथा अनुगमन गर्न देहाय बमोजिमको फोहोर व्यवस्थापन केन्द्र सञ्चालन तथा सहजीकरण समिति रहनेछः

(क) फोहोर व्यवस्थापन केन्द्र रहेको स्थानीय तहको प्रमुख वा अध्यक्ष – अध्यक्ष
(ख) रणनीतिक साझेदारीमा संलग्न स्थानीय तहका उपप्रमुख वा उपाध्यक्ष – सदस्य
(ग) फोहोर व्यवस्थापन केन्द्र रहेको वडाको वडाध्यक्ष – सदस्य
(घ) स्थानीय उद्योग वाणिज्य सङ्घको प्रतिनिधि – सदस्य
(ङ) सेवा केन्द्र रहेको स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक अध्यक्षले तोकेबमोजिम बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले बैठकमा आवश्यकताअनुसार अन्य सरकारी निकाय तथा संघ संस्थाका प्रतिनिधि एवं विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्नेछ।

६. <u>फोहोर व्यवस्थापन केन्द्र सञ्चालन सहजीकरण समितिको काम, कर्तव्य र अधिकारः</u> फोहोर व्यवस्थापन केन्द्र सञ्चालन सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) फोहोर व्यवस्थापन कार्यका लागि आवश्यक पर्ने सवारी साधन तथा अन्य सामग्री एवं उपकरणहरूको व्यवस्था गर्ने,

(ख) फोहोर व्यवस्थापनका लागि आवश्यक नीति, रणनीति र कार्ययोजना तयार गरी कार्यन्वयन गर्ने,

(ग) फोहोर प्रशोधन तथा व्यवस्थापनका लागि प्रयोग भएका फोहोर सङ्कलन बिन/कन्टेनर, सङ्कलन तथा ढुवानी साधन, विसर्जन स्थल तथा प्रशोधन केन्द्रमा प्रयोग हुने सवारी साधन लगायत उपकरण तथा सामग्रीहरू सुरक्षित रुपमा फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्रमा रहने व्यवस्था मिलाउने,

(घ) फोहोर उत्पादक(सेवाग्राही) बाट फोहोरको परिमाण र सेवाको गुणस्तरका आधारमा सेवा शुल्क निर्धारण गरी स्वीकृतिको लागि सम्बन्धित निकायमा पठाउने,

प्रमुख सचिव

(ङ) फोहोर व्यवस्थापनमा संलग्न स्थानीय तहले व्यहोर्नुपर्ने हिस्साको अनुपात अनुसार आवश्यक व्यवस्था मिलाउन सम्बन्धित स्थानीय तहमा पठाउने,

(च) फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्रको विकास र सञ्चालनका लागि सार्वजनिक निजि साझेदारी अवधारणाको विकास गर्ने र साझेदारीमा संलग्न स्थानीय तह र निजी क्षेत्रको साथै समुदाय तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्ने,

(छ) फोहोर व्यवस्थापन इकाई गठन गरी फोहोर व्यवस्थापनसँग सम्बन्धित दैनिक कार्यहरू गर्न लगाउने,

(ज) फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र सञ्चालनको वार्षिक प्रतिवेदन मन्त्रालयमा पेस गर्ने,

७. <u>अनुगमन सम्बन्धी व्यवस्था:</u> (१) सम्बन्धित स्थानीय तहले नियमित रुपमा फोहोर प्रशोधन तथा व्यवस्थापन केन्द्रको अनुगमन गरी कुनै कमी कमजोरी भएको पाइएमा सुधारको लागि आवश्यक निर्देशन दिनु पर्नेछ।

(२) मन्त्रालयले समय समयमा फोहोर प्रशोधन तथा व्यवस्थापन केन्द्रको अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ।

८. <u>बजेट व्यवस्थापन:</u> यस कार्यविधि बमोजिम सम्पादन गर्न आवश्यक पर्ने बजेटको व्यवस्थापन मन्त्रालयले आफूलाई प्राप्त बजेटको सीमाभित्र रहि वार्षिक स्वीकृत कार्यक्रममा समावेश गर्नेछ।

९. <u>अनुसूचीमा हेरफेर गर्ने:</u> मन्त्रालयले अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

१०. <u>बाधा अड्काउ फुकाउने:</u> यो कार्यविधि को कार्यान्वयनमा कुनै बाधा आइपरेमा यस कार्यविधिको विपरित नहुने गरी मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

११. <u>प्रचलित कानुनबमोजिम हुने:</u> यस कार्यविधि मा लेखिएका विषयहरूमा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

अशोक कुमार साह
प्रदेश सचिव

प्रमुख सचिव

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर
नेपाल

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

## फोहोर व्यवस्थापन रणनीतिक साझेदारी कार्यक्रममा सहकार्य गर्ने स्थानीय तहबीचको समझदारीपत्र

फोहोर व्यवस्थापन रणनीतिक साझेदारी कार्यविधि बमोजिम तल उल्लिखित स्थानीय तह फोहोर व्यवस्थापन पूर्वाधार निर्माण र त्यसको सञ्चालन गर्न इच्छुक भएकाले यस कार्यका लागि आवश्यक जग्गा प्राप्ती .............. महानगरपालिका वा उपमहानगरपालिका वा नगरपालिका वा गाउँपालिकाको वार्ड नं. ..... मा भइसकेकाले उक्त कार्यक्रम अघि बढाउन साझेदारी कार्यक्रममा संलग्न हुने सबै स्थानीय तहको कार्यपालिकाले निर्णय गरी भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेशमा आवश्यक कार्य अघि बढाउन अनुरोध सहित यो समझदारीपत्र पेस गरिएको छ।

१. फोहोर व्यवस्थापन रणनीतिक साझेदारी कार्यक्रममा समावेश हुने स्थानीय तहः
   (क)
   (ख)
   (ग)

२. संलग्न कागजात
   (क) जग्गा प्राप्ति सम्बन्धी कागजहरु
   (ख) कार्यपालिकाको निर्णय
   (ग) फोहोर व्यवस्थापन तथा प्रशोधन गर्ने सम्बन्धमा तयार पारिएको प्रस्ताव
   (घ) अन्य उल्लेखनीय विषय

| | | |
|---|---|---|
| दस्तखत | दस्तखत | दस्तखत |
| प्रमुख प्रशासकीय अधिकृत | प्रमुख प्रशासकीय अधिकृत | प्रमुख प्रशासकीय अधिकृत |
| छाप | छाप | छाप |
| ......... पालिका | ......... पालिका | ......... पालिका |

अशोक कुमार साह
प्रदेश सचिव

प्रमुख सचिव

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर
नेपाल

अनुसूची-२

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

फोहोर व्यवस्थापन केन्द्रमा आवश्यक पूर्वाधार स्थापना गर्नका लागि जग्गा छनोटको मापदण्ड

१. फोहोर व्यवस्थापनका लागि छनौट गरिएको जग्गामा कम्तिमा बिस वर्षसम्म साझेदार स्थानीय तहमा उत्पादित फोहोरको व्यवस्थापन गर्न पुग्ने हुनुपर्नेछ।

२.- छनोट गरिएको जग्गा सिमसार क्षेत्र, आरक्ष क्षेत्र, लोपोन्मुख वन्यजन्तु तथा वनस्पति संरक्षित क्षेत्र र नदी तथा खोलाको बहाव क्षेत्र हुनु हुँदैन।

३. ल्यान्डफिल साइट निर्माण गर्ने ठाउँ भूमिगत पानीको रिचार्ज (भरण) क्षेत्र हुनु हुँदैन।

४. भूकम्पीय संवेदनशील क्षेत्र, कानुनले वर्जित गरिएका संवेदनशील क्षेत्र फोहोर व्यवस्थापन पूर्वाधारहरू निर्माण गर्न पाइने छैन।

५. ल्यान्डफिल साइट तथा कुहिने फोहोरको व्यवस्थापन स्थल विमानस्थलबाट कम्तिमा चार किलोमिटर टाढा हुनुपर्नेछ।

६. अन्तिम बिसर्जन स्थल सामान्यतया सघन वस्तीबाट पाँच सय मिटर टाढा हुनुपर्नेछ।

७. खानी क्षेत्रमा फोहोर व्यवस्थापन गर्ने पूर्वाधारहरू निर्माण गर्न पाइने छैन।

८. सुरक्षा संवेदनशील क्षेत्रमा फोहोर व्यवस्थापन पूर्वाधार बनाउन पाइने छैन।

९. पूर्वाधार स्थलसम्म सहज पहुँच मार्ग हुनुपर्नेछ। फोहोर व्यवस्थापन स्थल (स्यानिटरी ल्यान्डफिल साइट तथा कुहिने फोहोर व्यवस्थापन र प्रशोधन स्थल) राष्ट्रिय राजमार्ग, सार्वजनिक पार्क तथा पिउने पानीको स्रोतबाट कम्तीमा दुई सय मिटर टाढा हुनु पर्नेछ।

१०.स्यानिटरी ल्यान्डफिल साइट (अन्तिम बिसर्जन स्थल) सतही पानीको स्रोत (नदी, खोला, पोखरी आदि) भन्दा कम्तीमा सय मिटर टाढा हुनु पर्नेछ।

११.अत्यन्तै भिरालो जग्गा (तीस प्रतिशत भन्दा बढी भिरालो नभएको) मा कुनै पनि पूर्वाधारहरू निर्माण गर्नु हुँदैन।

१२.स्यानिटरी ल्यान्डफिल साइट स्थलका लागि जग्गा उपलब्ध गराउँदा फोहोर बिसर्जन स्थलबाहेक अन्य पूर्वाधारका लागि कम्तीमा चालीस प्रतिशत जग्गा छुट्टयाउनुपर्नेछ।

१३.ल्यान्डफिल साइटको हकमा कम्तीमा दुई सय मिटरदेखि पाँच सय मिटरसम्मको जग्गालाई बफर जोन (मध्यवर्ती क्षेत्र) का रूपमा विकास गर्नुपर्नेछ।

अशोक कुमार साह
प्रदेश सचिव

अनुसूची-३

(दफा ३ को उपदफा (५) सँग सम्बन्धित)

फोहोर व्यवस्थापन केन्द्रमा निर्माण गर्नुपर्ने पूर्वाधार

(१) पुनःप्रयोग, पुनःचक्रीय प्रयोग र कच्चा पदार्थ तथा इन्धनका रूपमा रिकभरी गर्न नसकिने वा यी कार्यहरूका लागि आवश्यक पूर्वाधार र प्रविधि स्थापना भई सञ्चालन भइनसकेको अवस्थामा सुरक्षित अन्तिम विसर्जन स्थल(स्यानिटरी ल्यान्डफिल साइट) हुनुपर्नेछ। स्यानिटरी ल्यान्डफिल साइटमा मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपरोस् भन्नका लागि आवश्यक सबै इन्जिनियरिङ पूर्वाधारहरू (जस्तैः- लिचेट व्यवस्थापन, ल्यान्डफिल ग्यास व्यवस्थापन, सतही तथा ल्यान्डफिल वरिपरिको पानीको व्यवस्थापन आदि) लगायतका फोहोरको सुरक्षित व्यवस्थापन सम्बन्धी पूर्वाधारहरू अनिवार्य रूपमा हुनु पर्नेछ।

(२) पूर्वाधार (जस्तैः- कार्यालय भवन, कार्यालयमा डेटा रेकर्ड गर्ने कम्प्युटर लगायतका उपकरण, चौकीदार बस्ने घर, पम्प घर, फोहोर बोकेको गाडीको भार मापन गर्ने उपकरण (Weighbridge), गाडी सफा गर्ने ठाउँ र पानीको व्यवस्थापन, हरेक दिन फोहोर विसर्जन गरिसकेपछि फोहोर छोप्नका लागि आवश्यक माटो राख्ने स्थल, ल्यान्डफिल साइट वरिपरि तारवार र बफर जोन(मध्यवर्ती क्षेत्र) अनिवार्य रूपमा हुनुपर्नेछ।

(३) कार्यालयमा पिउने पानी र शौचालयको व्यवस्था अनिवार्य रूपमा गरेको हुनुपर्नेछ।

(४) स्यानिटरी ल्यान्डफिल साइटमा फोहोर विसर्जन गरिसकेपछि फोहोर फिँजाउन, फोहोर धकेल्न, तह-तहमा थिच्न, फोहोरलाई माटोले छोप्न आदि कार्यका लागि आवश्यक विभिन्न सवारी यन्त्र (जस्तैः- बुल्डोजर, लोडर, ब्याक होइ, कम्प्याक्टर आदि) आवश्यकता अनुसार हुनु पर्नेछ।

(५) पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोग गर्न सकिने सामग्रीलाई सङ्कलन, प्रशोधन तथा भण्डारण केन्द्र बनाई सञ्चालनमा ल्याउनुपर्नेछ। स्थानीय तहको भोगोलिक अवस्था, पुनःप्रयोग र पुनःचक्रीय प्रयोग हुने सामग्रीको परिमाण, रिसाइकल उद्योगसम्म पुरयाउनका लागि पहुँच मार्ग आदिका आधारमा आवश्यकता अनुसार यस्ता केन्द्र एक वा सो भन्दा बढी निर्माण गरी सञ्चालन गर्न सकिनेछ।

(६) सेड लगायतका सिभिल संरचनाबाहेक पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोग गर्न सकिने सामग्रीलाई भण्डारण तथा ढुवानी सहज बनाउनका लागि साथै यस्ता सामग्रीलाई आर्थिक रूपमा अझै मूल्यवान वस्तुका रूपमा परिणत गर्न आवश्यकता अनुसार विभिन्न उपकरण (जस्तैः- बेलर, स्रेडर, कन्भेअर बेल्ट आदि) जडान गर्नुपर्नेछ।

(७) त्यस्तै, कुहिने फोहोरको हकमा घर-घरमा कुहिने फोहोरबाट कम्पोस्ट मल बनाउन आवश्यक कम्पोस्ट बिन सहुलियत मूल्यमा वितरण गर्ने, साना तथा कम शहरीकरण भएका स्थानीय तहमा सामुदायिक स्तरका विकेन्द्रीकृत कम्पोस्ट प्लान्ट (सेड, कम्पोस्ट च्याम्बर, आवश्यक उपकरण (जस्तैः- कम्पोस्ट पाइलको तापक्रम मापनका लागि थर्मोमिटर, फोहोर टुक्रा पार्न स्रेडर, कम्पोस्ट छान्ने जाली, प्याकेजिङ गर्ने उपकरण आदि) हुनुपर्नेछ। साथै ठूला नगरपालिकामा विस्तृत परियोजना प्रतिवेदनले सिफारिस गरे बमोजिमका वा मध्यम तथा ठूला कम्पोस्ट वा

बायोग्यास प्लान्टका लागि आवश्यक पूर्वाधार (जस्तै– सेड, फोहोर वर्गीकरणका लागि आवश्यकता अनुसारका प्रविधि र उपकरण, कुहिने फोहोर र पानी मिसाइ लेदो बनाउने आवश्यक संरचना, ग्यास उत्सर्जन तथा सङ्कलन संरचना, ग्यास प्रशोधन प्रविधि र उपकरण, फोहोरको लेदोबाट पानी र ठोस पदार्थ छुट्टयाउने प्रविधि तथा उपकरण, पानी प्रशोधन गर्ने उपकरण, मल बनाउन, भण्डारण गर्न आवश्यक पूर्वाधार लगायतका अन्य यन्त्र तथा उपकरण आदि) हुनुपर्नेछ। माथि उल्लिखित कार्यका लागि र अफिस प्रयोजनका लागि आवश्यक पानीको व्यवस्था गर्न आवश्यक संरचना र साथै फोहोर पानी विसर्जनका लागि आवश्यक संरचना, शौचालय आदिको व्यवस्था हुनुपर्नेछ।

(८) माथि उल्लेख गरेबाहेक विस्तृत परियोजना प्रतिवेदनमा समेटिएका फोहोर व्यवस्थापनका लागि आवश्यक सबै पूर्वाधार र प्रविधि वा सम्बन्धित स्थानीय तहले आआफ्नो आवश्यकता अनुसार कुनै एक मात्र वा त्यो भन्दा बढी पूर्वाधार तथा प्रविधि हुन सक्नेछ।

(९) फोहोर प्रशोधन, रिसाइकल र अन्तिम विसर्जनबाहेक फोहोर सङ्कलन र ढुवानीका लागि आवश्यक फोहोर सङ्कलन तथा ढुवानी साधनको व्यवस्था हुनुपर्नेछ। यस्ता साधन वातावरणमैत्री, मानव स्वास्थ्य र शहरको सौन्दर्यमा असर नपुग्ने गरी फोहोर सङ्कलन र ढुवानी गर्न उपयुक्त किसिमका हुनुपर्नेछ।

अशोक कुमार साह
प्रदेश सचिव